
**मुक्तिनाथ दर्शन सेवा**

दैनिक माइक्रोबस छुट्ने समय :
बिहान ६:३० बजे


**पोखरा साइडसिन सेवा**

पोखरा उपत्यका घुम्नका लागि बस छुट्ने समय : बिहान ९:00 बजे
रुट नं. १ : पुम्दीकोट, शान्ति स्तुपा, डेभिजफल, फेवाताल, विन्ध्यवासिनी मन्दिर, महेन्द्र गुफा
रुट नं. २ : बेगनास ताल, रुपा ताल, इन्टरनेशनल माउन्टेन म्युजियम, पचभैया वन्यजन्तु चिडियाघर

**मानसरोवर ट्राभल एण्ड टुर्स प्रा.लि.**
नागढुंगा, पोखरा-९, फोन नं : 061-589012
544439, 9856051659, 9856034631



राष्ट्रिय दैनिक

# पोखरापत्र

Pokharapatra National Daily



रू. १.५ मा
कलर भिजिटिङ कार्ड
साथै
तुरून्त क्यालेण्डर पुस्तक, स्मारिका आदि छपाई गर्नु परेमा
सम्पर्क:
०६१-५७०६५१, ९८५६०७५५७५



❑ वर्ष २७ ❑ अङ्क ४ ❑ श्रेणी क्षेत्रीय 'क' ❑ २०८२ माघ ४ गते आइतबार ❑ 18 Jan. 2026 ❑ पृष्ठ ४ ❑ मूल्य रू. ५।-


## पार्टी छाडेकालाई कांग्रेसमा फर्कन आग्रह

**रासस**
काठमाडौं, ३ माघ

नेपाली कांग्रेसले विभिन्न कारणले पार्टीमा निष्क्रिय रहेका र पार्टी छाडेकालाई पुनः कांग्रेसमा फर्कन आग्रह गरेको छ।

पार्टी सभापति गगन थापाको नेतृत्वमा शनिबार भएको केन्द्रीय कार्यसमिति बैठकले विभिन्न कारणले पार्टीबाट अलग भएकालाई पार्टीमा पुनः आबद्ध हुन आग्रह गरेको हो। निर्वाचन आयोगले नेपाली कांग्रेसको दोस्रो विशेष महाधिवेशनका निर्णयलाई संविधान, कानुन र पार्टी विधानअनुसार मान्यता दिई अद्यावधिक गरेकामा आयोगप्रति बैठकले आभार व्यक्त गरेको छ।

बैठकले एकता, सद्भाव र सहकार्यमा जोड दिँदै देशविदेशमा रहेका सबै कांग्रेसीमा नवीन ऊर्जाका साथ आगामी फागुन २१ को निर्वाचनमा सशक्त रूपमा सहभागी हुन आह्वान गरेको छ। बैठकले पार्टीका निवर्तमान सभापति शेरबहादुर देउवालगायत पार्टीका अन्य नेताले कांग्रेसको नेतृत्वमा रही लामो समयदेखि पुऱ्याएको योगदानको उच्च कदर गर्दै धन्यवादज्ञापन गरेको छ। साथै बैठकले उहाँहरूबाट भविष्यमा पनि पार्टीका लागि अभिभावकीय भूमिका प्राप्त हुने विश्वास व्यक्त गरेको छ।

पार्टी प्रवक्ता देवराज चालिसेका अनुसार बैठकले भविष्यमा कुनै दलसँग अप्राकृतिक गठबन्धन वा सत्ताकेन्द्रित सम्झौता नगर्ने निर्णय गरेको छ। यसैगरी नेपाली कांग्रेसका सभापति गगनकुमार थापाले पार्टीलाई आगामी दिनमा एक ढिक्का बनाएर अगाडि बढाउने बताउनुभएको छ। नेपाली कांग्रेको दोस्रो विशेष महाधिवेशनलाई निर्वाचन आयोगले मान्यता दिएपछि शनिबार केन्द्रीय कार्यसमितिको बैठक बस्नुअघि सञ्चारकर्मीसँग कुरा गर्दै विगतका तिक्ततालाई बिर्सेर पार्टीलाई आगामी दिनमा एक ढिक्का बनाएर अगाडि बढ्ने बताउनुभएको हो।

निर्वाचन आयोगले निर्णय गरिसकेपछि निर्णयलाई स्वीकार गरेर आगामी दिनमा अगाडि बढ्नुपर्नेमा उहाँले जोड दिनुभयो। "पार्टीभित्रका अग्रज नेतालाईसँगै हिँडाउने र नयाँ युवालाई जोडेर अगाडि बढ्छौँ, पूर्वसभापति शेरबहादुर देउवाको अभिभावकत्व र संरक्षकत्वको भूमिका खोजेको छौँ, एकदुई दिनभित्र सिङ्गो कांग्रेस एक ठाउँमा उभिने वातावरण बनाउन लागिरहेका छौँ," उहाँले भन्नुभयो। उहाँले फागुन २१ मा हुने निर्वाचनका लागि उम्मेदवार टुङ्ग्याउने समय नजिकिएसँगै समयको चाप रहेको भन्दै सबैलाई साथमा लिएर पार्टीलाई आगाडि बढाउने दृढता व्यक्त गर्नुभयो।

## कांग्रेस संस्थापन पक्षले कानुनी उपचार खोज्ने

**रासस**
काठमाडौं, ३ माघ

शेरबहादुर देउवाको नेतृत्वको नेपाली कांग्रेसल यही माघ २ गते निर्वाचन आयोगले गरेको निर्णयका विरुद्ध कानुनी उपचार खोज्ने भएको छ।

शनिबार बिहान पार्टीको केन्द्रीय कार्यालय सानेपामा कार्यवाहक सभापति पूर्णबहादुर खड्काको सभापतित्वमा भएको बैठकले उक्त निर्णय गरेको पार्टी प्रवक्ता डा प्रकाशशरण महतले जानकारी दिनुभयो। "निर्वाचन आयोगले २०८२ साल माघ २ गते एकलौटी रूपमा गरेको निर्णय दुराशयपूर्ण छ, आयोगले हामीलाई बोलाएर सुन्ने काम पनि गरेन, आयोगको स्थापित नजिर र निर्वाचनसम्बन्धी व्यवस्था पालना नभएकाले आइतबार हामी सर्वोच्च अदालतमा कानुनी उपचारका लागि जान्छौँ," प्रवक्ता महतले भन्नुभयो।

## चौथो रुमा सांगीतिक मेला चैत तेश्रो साता हुने

**पोखरापत्र संवाददाता**
पोखरा, ३ माघ

म्याग्दीको रमणीय रुमा गाउँमा चौथो रुमा सांगीतिक मेला आउँदो चैत महिनाको तेश्रो साता हुने भएको छ। शिक्षा र पर्यटनलाई सँगै अघि बढाउँदै गाउँमै रोजगारी सिर्जना गर्ने लक्ष्यसहित चैत २० र २१ गते उक्त मेला आयोजना हुने भएको शनिबार पोखरामा आयोजित पत्रकार भेटघाट कार्यक्रममा जानकारी गराइएको हो।

लालीगुराँस युवा क्लबको आयोजनामा हुन लागेको यस मेलाले लोपोन्मुख मौलिक संस्कृति संरक्षणमा समेत योगदान पुऱ्याउने अपेक्षा गरिएको छ। यस मेलामा स्वदेशी मात्र नभई विदेशी सहयोग समेत जुट्ने भएको छ। मालिका गाउँपालिका-२ का वडाध्यक्ष उदयकुमार बुढाथोकीले गाउँको विकासका लागि यो मेला महत्वपूर्ण माध्यम बनेको बताउनुभयो। अन्य गाउँको तुलनामा रुमा गाउँमा बाक्लो बस्ती रहे पनि राज्यको ध्यान नपुगे बसाइँसराइका कारण गाउँ रित्तिने खतरा बढ्दै गएको उहाँको चिन्ता छ। वडाध्यक्ष बुढाथोकीले रुमा गाउँमा पाइने ढुंगा नेपालकै उत्कृष्ट रहेको दाबी गर्दै टायलका रूपमा प्रयोग गरिने ढुंगाका छपनिहरू निकै आकर्षक रहेको बताउनुभयो। घोरेपानीभन्दा अझ धेरै दृश्यावलोकन गर्न सकिने क्षमता हुँदाहुँदै पनि प्रचारप्रसारको अभावमा रुमा गाउँ ओझेलमा परेको उहाँको गुनासो छ। प्रकृतिले अत्यन्तै सुन्दर बनाएको रुमा गाउँको कला, संस्कृति र पहिचान जोगाउनुपर्ने आवश्यकता औँल्याउँदै वरिष्ठ सल्लाहकार डा. निरञ्जन कोइरालाले बताउनु भयो। ढुंगाले छाएका परम्परागत घर, मौलिक पञ्चेबाजा तथा विभिन्न जातजातिको सांस्कृतिक पहिचान संरक्षण गर्नुपर्नेमा उहाँले जोड दिनुभयो। क्लवका उपाध्यक्ष तथा म्यानेजर किरण घर्तीले यो कार्यक्रमको मुख्य लक्ष्य गाउँभित्रै स्रोत भित्र्याउने रहेको बताउनुभयो। शिक्षा सुधार, पर्यटन प्रवर्द्धन र स्थानीय रोजगारी सिर्जनामा मेला उपयोगी बन्ने उहाँले विश्वास व्यक्त गर्नुभयो। कार्यक्रम संयोजक सुरेश पुनले शिक्षा र पर्यटन क्षेत्रको प्रवर्द्धनमा रुमा सांगीतिक मेला कोसेढुंगा सावित हुने विश्वास व्यक्त गर्नुभयो। राजनीतिक पहुँच र स्रोतको अभावका कारण विकासमा पछि परेको गाउँमा यस मेलाबाट संकलित केही रकम शिक्षा सुधार र पर्यटन प्रवर्द्धनमा खर्चिँदै आएको उहाँले जानकारी दिनुभयो। साथै, उक्त क्षेत्र हुँदै ढोरपाटनसम्म पुगिने पदमार्ग समेत पर्यटनका लागि महत्वपूर्ण सम्भावना भएको उहाँको भनाइ छ। म्याग्दी बजारबाट करिब ३ घण्टाको सवारी यात्रामा पुग्न सकिने रुमा गाउँ प्राकृतिक सौन्दर्य, मौलिक संस्कृति र सांगीतिक पहिचानका कारण तपाईंका लागि पनि नयाँ गन्तव्य बन्न सक्ने आयोजकहरूको विश्वास छ।

## मेला-महोत्सवले कलाकारलाई भ्याइनभ्याइ

**पोखरापत्र संवाददाता**
पोखरा, ३ माघ

माघेसङ्क्रान्तिका दिन बागलुङको कुश्मीसेरामा साङ्गीतिक प्रस्तुति दिनुभएकी गायिका रचना रिमाल भोलिपल्ट नेपालगञ्जमा आयोजित प्रादेशिक महोत्सवमा पुग्नुभयो। त्यसलगत्तै शनिबार उहाँले नुवाकोटको खेलकुद, सांस्कृतिक तथा पर्यटन महोत्सवमा साङ्गीतिक प्रस्तुति दिनुभयो।

गत पुस २२ गते बागलुङ महोत्सवमा प्रस्तुति दिनुभएकी रिमाल त्यसयता लगातार व्यस्त हुनुहुन्छ। यसबीचमा उहाँले गोरखा महोत्सव, चितवनको रत्ननगर महोत्सव, दाङको घोराही महोत्सवलगायत कैयौँ मेला-महोत्सवमा प्रस्तुति दिइसक्नुभएको छ। यही माघ १० गतेसम्म उहाँको साङ्गीतिक यात्राको तालिका तय भइसकेको छ। आइतबार कञ्चनपुरको महेन्द्रनगर, सोमबार कैलालीको टीकापुर महोत्सव, मङ्गलबार पर्साको माघी-ल्होछार मेला, बुधबार गैँडाकोट महोत्सव, बिहीबार बर्दियाको बाँसगढी महोत्सव, शुक्रबार बर्दियाको जयनगर र शनिबार नुवाकोट महोत्सवमा रिमालले प्रस्तुति दिनुहुनेछ। माघ महिनाभर देशका विभिन्न ठाउँमा आयोजित मेला-महोत्सवमा आफू व्यस्त रहने उहाँले बताउनुभयो।

गायक दुर्गेश थापालाई पनि यतिबेला मेला-महोत्सवमा पुग्न भ्याइनभ्याइ छ। माघे सङ्क्रान्तिका दिन मोरङको बेलबारी महोत्सवमा साङ्गीतिक प्रस्तुति दिनुभएका थापाले माघ ११ गतेसम्मको कार्यक्रम तय भइसकेको जानकारी दिनुभयो। यसबीचमा उहाँ काठमाडौँ, अर्घखाँची, पोखरा, दमौली, सिक्किम, टीकापुर, बाँसगढी, देवचुली हुँदै सुर्खेतसम्मका साङ्गीतिक कार्यक्रममा पुग्दै हुनुहुन्छ। "पुस महिना पनि पूरै व्यस्त रहेँ, माघमा पनि धेरै ठाउँबाट माग आइरहेको छ", थापाले भन्नुभयो, "योबेला देशभर मेला-महोत्सव हुने भएकाले कलाकार व्यस्त रहने समय हो।" गत वर्ष पनि यही याममा थापाको व्यस्तता बढेको थियो। त्योबेला सार्वजनिक भएको गीत 'दुश्मन हेरेको हेरै...'ले चर्चा पाएपछि मेला-महोत्सवमा उहाँको माग बढेको थियो। गत वर्षको फागुनमा मात्र थापाले ३२ ठाउँमा साङ्गीतिक प्रस्तुति दिनुभएको थियो। कतिपय ठाउँका कार्यक्रममा माग आए पनि व्यवस्तताका कारण समय दिन नभ्याएको उहाँको भनाइ छ। थापा केही महिनाअघि अमेरिकाको एक महिना लामो साङ्गीतिक यात्रा सकेर फर्कनुभएको थियो। देशविदेशको साङ्गीतिक यात्रासँगै नयाँ गीत 'नाच नाच भाइ नाच...' दर्शक/स्रोतामाझ ल्याउने तयारीमा थापा हुनुहुन्छ। यही माघ १० गते आफ्नो र छोरा दक्षितको जन्मदिन पारेर गीत सार्वजनिक गर्ने उहाँले जानकारी दिनुभयो। "दुश्मन हेरेको हेरै... गीतको सफलताले मलाई पनि थप उचाइ दियो, दर्शक/स्रोताको साथ र माया पाइरहेको छु", उहाँले भन्नुभयो, "यो वर्ष मेरा लागि धेरै महत्वपूर्ण रह्यो, साङ्गीतिक यात्राका क्रममा देशविदेशका कार्यक्रममा पुग्न पाएँ।" दुई वर्ष चलचित्र निर्देशन र अभिनयमा व्यस्त रहनुभएका गायक तथा अभिनेता प्रकाश सपुत पनि यसपालि साङ्गीतिक मञ्चमा फर्किनुभएको छ। उहाँ पनि 'मेला यात्रा'का क्रममा देशका विभिन्न ठाउँमा पुगिरहनुभएको छ। माघ लागेपछिका उहाँको व्यवस्तता पनि उस्तै छ। माघे सङ्क्रान्तिको दिनमा अर्घाखाँची महोत्सव र भोलिपल्ट नवलपरासीको देवचुलीमा प्रस्तुति दिनुभयो। आज पोखरा महोत्सवमा प्रस्तुति दिएपछि सपुत आइतबार स्याङ्जाको चापाकोट पुग्नुहुनेछ। त्यसपछि कञ्चनपुरको महेन्द्रनगर, बर्दियाको राजापुर, बाँसगढी, कैलालीको टीकापुर, दाङको लालमिटया, सिन्धुलीलगायत जिल्लामा कार्यक्रम तय भइसकेका उहाँले जानकारी दिनुभयो।

मनोरञ्जन, सेवा र सामाजिक सन्देशसहित एनसेल फाउण्डेशनसँगको सहकार्यमा 'प्रकाश सपुतः मेला यात्रा-२०८२' आयोजना गरिएको सपुतले बताउनुभयो। हरेक हिउँद याममा देशैभर मेला-महोत्सवको लहर चल्छ। ठाउँ र पर्व विशेषका ससाना उत्सव, मेलादेखि जिल्लास्तरमा भइरहेका ठूला महोत्सवबाट आर्थिक गतिविधि चलायमान हुनुका साथै पर्यटन प्रवर्द्धनमा टेवा पुग्ने तथा कलाकारको आर्थिक उपार्जनको स्रोत बन्ने उहाँको भनाइ छ। पछिल्लो समय देशविदेशमा हुने साङ्गीतिक कार्यक्रम र युट्युबबाट कलाकारले कमाइ गर्छन्।

## १६ जनाले पुरा गरे मनोविमर्शको तालिम

**पोखरापत्र संवाददाता**
पोखरा, ३ माघ

हार्ट माइन्ड कन्सल्टेन्सी पोखराले सञ्चालन गरेको ६ महिने मनोसामाजिक, मनोविमर्शको तालिम १६ जनाले पुरा गरेका छन्। तालिम अन्तर्गत दोश्रो र तेश्रो व्याजका गरेर १६ जनाले मनोविमर्शको तालिम पुरा गरेका हुन्।




तालिम ६ महिना अर्थात ७ सय ८० घण्टा पुरा भए पछि शनिवार एक कार्यक्रमको आयोजना गरि संस्थाले प्रमाणपत्र बितरण र अनुभव आदान प्रदान गरि तालिम लिएकाहरुलाई बिदाई गरेको हो। तालिममा सहभागि हुन दाङ, चितवन, पोखरा, स्याङ्जा लगाएतका जिल्लाबाट उनीहरु पोखरा आएका हुन् भने, सहभागिहुनेहरु प्राय सरकारी शिक्षक, नर्स, गैह्रसरकारी संस्थामा कार्यरत व्यक्तिहरु रहेको कन्सल्टेन्सीका निर्देशक सुदिप घिमिरेले बताए।

कार्यक्रममा बोल्दै गण्डकी प्रदेश स्वास्थ्य तालिम केन्द्रका महानिर्देशक विनोद बिन्दु शर्माले तालिम पश्चात सिकेका कुराहरुलाई ब्यवाहारमा लागु गर्न र समाजमा प्रयोग गर्न आग्रह गरे। उनले प्रदेश तालिम केन्द्रले समेत मनोविर्शको तालिम प्रदान गर्दै आइरहेको बताउदै हार्ट माइन्ड कन्सल्टेन्सीले सञ्चालन गर्ने तालिम बहुउपयोगि भएको उल्लेख गरे। प्रादेशिक तालिम केन्द्र गण्डकीका जनस्वास्थ्य अधिकृत लालप्रसाद शर्माले मनोविमर्शको तालिम समाजका हरेक क्षेत्रमा आवश्यक रहेको बताए। कन्सल्टेन्सीका निर्देशक घिमिरेले गण्डकी प्रदेशमानै पहिलो पटक मनोसामाजिक मनोविमर्शको तालिम सिटिइभिटिबाट सम्बन्ध प्राप्त गरि सञ्चालन गरेको बताए। उनले सुरुवातको चरण निकै चुनौतिपूर्ण रहेको बताउदै स्थानिय तह र प्रदेश सरकार सगँ सहकार्य गरेर आगाडि बढदै जाने उल्लेख गरे। साथै उनले संस्थाको आगामि योजनाको बारेमा जानकारी गराएका थिए। सहभागीको तर्फबाट सरस्वती भण्डारी र मुना विकले तालिम पश्चात मनोसामाजिक स्वास्थयको क्षेत्रमा परवै गर्न सक्ने भएको बताए भने ६ महिना अवधिभरिको आफ्नो अनुभव पनि शेयर गरेक थिए। कार्यक्रममा प्रादेशिक स्वास्थय तालिम केन्द्रका सुचना प्राबिधिक साहायक रविन्द्र लामिछाने रेडियो अन्नपूर्णका सञ्चारकर्मी सबिन रेग्मी लगाएको सहभागिता रहेको थियो।


सुपथ मूल्यमा आकर्षक छपाइ



पुस्तक, स्मारिका, ब्रोसर, क्यालेण्डर, निमन्त्रणा कार्ड, बिल, रसिद, पोष्टर,पम्प्लेट, भिजिटिङ्ग कार्ड आदि छपाईसम्बन्धी कामका लागि हामीलाई सम्झनुहोस् ।

**हिमालय अफसेट प्रेस**
नयाँबजार, पोखरा
फोन नं. : ०६१-५७०६५१

# आयोजक टोलीले जित्यो मनोहर कप भलिबलको उपाधि

**पोखरापत्र संवाददाता**
पोखरा, ३ माघ

पोखरामा भएको मनोहर कप तेस्रो क्लब स्तरीय खुला पुरुष भलिबल प्रतियोगिताको उपाधि आयोजक टोलीले जितेको छ।

मनोहर क्लबको आयोजनामा पोखरा-१४ मनकामना टोलको खेल मैदानमा शनिबार भएको फाइनल खेलमा पोखरा युनाइटेडलाई ३-० को सोझो सेटमा पराजित गर्दै आयोजक टोलीले उपाधि रक्षा गरेको हो। आयोजक टोलीले पहिलो सेट २५-१६, दोस्रो सेट २५-२२ र तेस्रो सेट २५-




१५ ले आफ्नो पक्षमा पार्‍यो । उपाधिसँगै आयोजक टोलीले एक लाख ७५ हजार ५५५ रुपैयाँ प्राप्त गर्‍यो । उपविजेता बनेको पोखरा युनाइटेडले एक लाख एक हजार १११ रुपैयाँमा चित्त बुझायो। सेमिफाइनलसम्म पुगेका नवज्योति युवा क्लब र पकुवा भलिबल क्लबले जनही २० हजार पाए । प्रतियोगितामा सञ्जुविक्रम शाह सर्वोत्कृष्ट खेलाडी घोषित भए। उनले ८ हजार र ट्रफी हात पारे । सन्दीप सुनार स्पाइकर, दीपक थापा डिफेन्डर, अजय सुनार ब्लकर, सञ्जोक परियार सर्भर, लप्सन सुनार उदीयमान र सुमन राना प्रशिक्षक विधागततर्फ उत्कृष्ट बने । उनीहरुले जनही ५ हजार पाए । प्रतियोगितामा १४ टोलीले सहभागिता जनाएका थिए।



ढुङ्गाको बगैँचाः
तनहुँको भिमाद नगरपालिका-९ मोहरियास्थित घाङ्च ल्हुम (अग्लो ढुङ्गा) को बगैँचा। यस ठाउँ पछिल्लो समय आन्तरिक पर्यटकको रोजाइमा परेको छ। तस्बिरः कृष्ण न्यौपाने/रासस

# मुस्कानको दोहोरो शतकमा पोखराको फराकिलो जित

**पोखरापत्र संवाददाता**
पोखरा, ३ माघ

मुस्कान थापाको दोहोरो शतकीय प्रदर्शनीमा क्लब स्तरीय एक दिवसीय क्रिकेट प्रतियोगितामा पोखराले उत्कृष्ट सुरुवात गरेको छ।

प्रधानमन्त्री कप जिल्ला छनोटको रुपमा समेत रहेको प्रतियोगितामा मुस्कानले २२९ रन बनाए। यस्तै गण्डकीकै सुवासले उत्कृष्ट बलिङ गर्दै एकै खेलमा ७ विकेट लिएपछि पोखराले अत्यन्तै ठूलो योगफलमा जित हासिल गरेको हो।

कास्की जिल्ला क्रिकेट संघको आयोजनामा पोखरामा जारी प्रतियोगिताको दोस्रो दिन पोखरा क्रिकेट क्लबले गण्डकी क्रिकेट क्लबलाई २३४ रनले हराएको हो। ३०९ रनको विजयी लक्ष्य पाएको गण्डकी क्रिकेट क्लबलाई २१.४ ओभरमा ७५ रनमा अलआउट गर्दै उत्कृष्ट जित हासिल गरेको हो । गण्डकीका ओपनर दिक्सन अर्याल २ रनमा




आउट भए । सुरज अधिकारी २३ रनमा आउट भए। उनले ३८ बलमा ३ चौका प्रहार गरे।

सम्राट अधिकारी १, विवेश अधिकारी ४, सौरभ सुवेदी २१, अभिषेक विक २ र श्रीराम प्रजापति १० रनमा आउट भए। यस्तै हिमाल आचार्य, सुवास गिरि र सौरभ पौडेल शुन्यमै आउट भए। पोखराका लागि सुवाष भण्डारीले ९.४ ओभरमा १ मेडनसहित ३३ रन खर्चेर सर्वाधिक ७ विकेट लिए। प्रज्वल पौडेल, देव शाह र सुर्जन गुरुङले १/१ विकेट लिए। त्यसअघि पोखरा रंगशालास्थित क्रिकेट मैदानमा टस हारेर व्याटिङ थालेको पोखराले ३३.५ ओभरमा अल आउट हुँदै ३०८ रन जोड्यो।

मुस्कान थापाले दोहोरो शतक पुरा गरे । उनले १२४ बलको सामना गर्दै २४ चौका र १४ छक्का प्रहार गर्दै सर्वाधिक २२९ रन बनाए । ओपनर अर्जुन बुढाथोकीले २३ रन बनाए। उनले २९ बलमा १ चौका र १ छक्का प्रहार गरे। अतिफ मिया र देव शाह शुन्यमा आउट भए। इशान श्रेष्ठ र सुप्रल श्रेष्ठले ३/३ रन जोडे भने मौसम भट्टराइ ४, प्रज्वल पौडेल १ रनमा आउट भए। सुवाष भण्डारी १३ र सुर्जन गुरुङ शुन्यमा आउट भए । गण्डकीका लागि अनिश पोखरेलले ७ ओभरमा ६१ रन खर्चेर ४ विकेट लिए । सम्राट अधिकारी र दिक्सन अर्यालले २/१ तथा श्रीराम प्रजापति र सुभम गिरिले १/१ विकेट लिए। माघ २ देखी सुरु प्रतियोगिता पोखरा र लेखनाथमा हुनेछ। प्रतियोगितामा कुल १० क्लबको सहभागिता रहेको छ । प्रतियोगिताको समूह 'ए' मा राइजिङ क्रिकेट क्लब, अमरज्योति क्रिकेट क्लब, सांग्रिला क्रिकेट क्लब, लेकसाइड क्रिकेट क्लब र एभरेष्ट क्रिकेट क्लब रहेका छन् । यस्तै समूह 'बि'मा पोखरा क्रिकेट क्लब, कास्की क्रिकेट क्लब, माछापुच्छ्रे क्रिकेट क्लब, लेखनाथ क्रिकेट क्लब र गण्डकी क्रिकेट क्लब रहेका छन्। आजबाट सुरु हुने प्रतियोगिता १६ गतेसम्म सञ्चालन हुनेछ।

# निर्वाचन प्रहरीका लागि मागअनुसार परेन निवेदन

**पोखरापत्र संवाददाता**
दमौली, ३ माघ

फागुन २१ गते हुने प्रतिनिधिसभा सदस्य निर्वाचनका लागि तनहुँमा निर्वाचन प्रहरी माग गरिएकामा मागअनुसार निवेदन परेको छैन।

निर्वाचनका लागि एक हजार ५७३ निर्वाचन प्रहरी माग गरिएकामा आजसम्म एक हजार ३२१ जनाको निवेदन परेको जिल्ला प्रहरी कार्यालय तनहुँका प्रहरी नायब उपरीक्षक श्रवणकुमार विकले जानकारी दिनुभयो।

उहाँका अनुसार एक हजार २० पुरुष र ३२१ महिलाले निवेदन दिएका छन् । यसअघि माघ १ गतेसम्म निवेदन दिने समय रहेकामा कम निवेदन परेपछि आजसम्मका लागि अन्तिम समय तोकिएको छ । उहाँले भन्नुभयो, "माग गरेबमोजिम कमको निवेदन परेपछि जिल्ला निर्वाचन समितिको निर्णयअनुसार अवधि बढाइएको छ।" निर्वाचन प्रहरीमा भर्ना हुनका लागि दरखास्त फाराम दर्ता गर्ने अन्तिम मितिसम्म १८ वर्ष पूरा भई ५४ वर्ष ननाघेको हुनुपर्नेछ। उम्मेदवार नेपाली नागरिक हुनुपर्ने, सामान्य लेखपढ गर्न जान्ने, फौजदारी अभियोगमा अदालतबाट सजाय नपाएको, कुनै राजनीतिक दलको सदस्य नरहेको, शारीरिक तथा मानसिक रूपमा स्वस्थ रहेको र आतङ्ककारी वा विध्वंसात्मक सङ्गठनसँग सम्बन्ध नरहेको हुनुपर्ने प्रनाउ विकले बताउनुभयो।

उचाइ र तौलतर्फ पुरुषको हकमा न्यूनतम उचाइ पाँच फिट तीन इन्च, छाती ३१-३३ इन्च, तौल ५० केजी तथा महिलाको हकमा न्यूनतम उचाइ पाँच फिट, तौल ४२ केजी तोकिएको छ। महिलाको हकमा गर्भवती नभएको वा भइसकेको अवस्थामा सो अवस्था समाप्त भएको हुनुपर्ने सर्त राखिएको छ।

# भद्रकाली सहकारीको रक्तदानमा ६० युनिट रगत संकलन

**पोखरापत्र संवाददाता**
पोखरा, ३ माघ

पोखरा महानगरपालिका वडा नं. १३ बीपी मार्गस्थित भद्रकाली बचत तथा ऋण सहकारी संस्था लिमिटेडले सामाजिक उत्तरदायित्व अन्तर्गत शनिबार खुला रक्तदान कार्यक्रम आयोजना गरेको छ।

संस्थाको प्राङ्गणमा सम्पन्न कार्यक्रममा ६० युनिट रगत संकलन भएको छ। कार्यक्रमका प्रमुख अतिथि वडा नं. १३ का वडा सदस्य सुचित तामाङले पहिलो रक्तदाता संस्थाका साधारण सदस्य विकास श्रेष्ठलाई ब्लड ब्याग हस्तान्तरण गर्दै कार्यक्रमको शुभारम्भ गरिन् । जन्मदिनकै अवसरमा रक्तदान गरेका श्रेष्ठलाई धन्यवाद दिँदै वडा सदस्य तामाङले रक्तदान जीवन बचाउने महान कार्य भएको उल्लेख गरिन् । भद्रकाली बचत तथा ऋण सहकारी संस्था लिमिटेडका अध्यक्ष बाबुराम सापकोटाको अध्यक्षतामा सम्पन्न कार्यक्रममा नेपाल रेडक्रस सोसाइटी कास्की प्रादेशिक रक्तसञ्चार सेवा पोखराका प्रमुख अर्जुन ज्ञावली, आकस्मिक रक्तदान युनिटका संयोजक नेत्र ढकाल तथा भद्रकाली सहकारीका संस्थापक अध्यक्ष किरणराज घिमिरेले रक्तदानको महत्वबारे आफ्ना धारणा राखे। कार्यक्रममा सहकारीका सञ्चालक समितिका उपाध्यक्ष सन्तोष थापाले स्वागत मन्तव्य राखेका थिए भने शिक्षा उपसमितिका संयोजक सत्यदेवी रेग्मी खनालले सहकारीका सात सिद्धान्त वाचन गरिन्। त्यसैगरी लेखा सुपरिवेक्षण समितिका संयोजक कृष्णराज भट्टराई, निवर्तमान अध्यक्ष डा. दीपकराज सुवेदी, सल्लाहकार नरबहादुर गुरुङ, कमलपोखरी बचत तथा ऋण सहकारी संस्थाका लेखा सुपरिवेक्षण समितिका संयोजक किरण सिग्देल, संगम टोल विकास संस्थाका अध्यक्ष




विष्णुबहादुर गुरुङ, बीपी मार्ग टोल विकास संस्थाका अध्यक्ष समरबहादुर श्रेष्ठ, आशिर्वाद क्लब अफ नेपालका अध्यक्ष रवि वराल (अजय) लगायतले पनि रक्तदानको महत्वमाथि प्रकाश पारेका थिए। कार्यक्रमको सञ्चालन भद्रकाली सहकारीका सचिव नीलकण्ठ सिग्देलले गरेका थिए।

# क्वेस्ट नेपालको १९ औं राष्ट्रिय विद्यार्थी गुणीय चक्र सम्मेलन सम्पन्न

**पोखरापत्र संवाददाता**
पोखरा, ३ माघ

१९ औं राष्ट्रिय विद्यार्थी गुणीय चक्र सम्मेलन सम्पन्न भएको छ। पोखराको सेन्ट मेरिजमा पुष ३० देखि माघ २ गते सम्म आयोजित विद्यार्थी गुणीय चक्र सम्मेलनको समापन गर्दै पोखरा महानगरका मेयर धनराज आचार्यले क्वेष्ट नेपालले विद्यार्थीको गुणस्तर सुधारका लागि विद्यार्थीहरुलाई अलराउण्डर बनाएर सञ्चालन गरिने विद्यार्थी गुणीय चक्र कार्यक्रमले महत्वपूर्ण भुमिका खेल्ने र उक्त कार्यक्रम महानगरका विद्यालयहरुमा लागू गर्न आफू तत्पर रहेको बताए।

शिक्षा क्षेत्रमा सरकारको कतिपय कुराहरु नमिल्ने, पाठ्यक्रम बनाउने सन्दर्भमा होस् वा शिक्षकहरु समेत पुस्तक बिना कक्षाकोठामा नजाने कुराहरुलाई एक्स्ट्रा करिकुलमको माध्यामबाट विद्यार्थीलाई कसरी सक्षम बनाउन सकिन्छ भन्ने सन्दर्भमा क्वेष्ट नेपालले विद्यार्थी गुणीय चक्र कार्यक्रमबाट उल्लेख्नीय काम गरेको उनको भनाइ रहेको थियो।

कार्यक्रममा विभिन्न विद्याका पुरस्कार वितरण गरिएको थियो। जस अन्तर्गत क्वेष्ट नेपालका प्रमुख संरक्षक प्रोफेसर दिनेश प्रसाद चापागाईकी कान्छी छोरी मनशा शर्माको सम्झनामा स्थापित मनशा स्मृति सर्व गुणीय व्यक्तित्व पुरस्कारबाट गृष्मा भट्ट ब्राइट फ्युचर सेकेन्डरी स्कूल काठमाडौं, खुशी भट्टराई कुडोस विद्यालय सदन




मोरङ, प्रमेस मण्डल झापा मोडल इ. स्कुल, दमक, सम्यक पोखरेल, काठमाण्डू युनिभर्सिटी हाइस्कुल चौकोट र सारा काफ्ले बेबिलोन नेश्नल स्कुल काठमाण्डौं सम्मानित भए । यो उक्त पुरस्कारको नवौं शृखला हो । यसै वर्ष स्थापना गरिएको दिनेश चापागाईं अन्तराष्ट्रिय गुणस्तर पुरस्कारबाट भारतका डा. विनिता कामरन पुरस्कृत भइन्। उक्त पुरस्कारकोलागि नेपालबाट ३ जना, बेलायतबाट १ जना र पाकिस्तानबाट १ जना गरी ५ सदस्यीय निर्णायक मण्डल बनेको थियो। साथै यसै वर्ष शुरु भएको एसक्युसी क्वालिटी हब अवार्डको लागि देशभरका २६ हबमध्ये एफिनिटी हब, झापा हब र श्रीनगर हब छनौट भएका छन्।

त्यसैगरी राष्ट्रिय विद्यार्थी गुणीय चक्र विद्यालय पुरस्कारबाट बेथेल इङ्लिस स्कुल पाल्पा, पाल्पा परागाउँ स्कुल पाल्पा, पिनाकल ज्ञान मन्दिर स्कुल मोरङ पुरस्कृत भए । साथै सम्मेलनमा सहकार्यात्मक कला तथा कोलाज प्रतियोगितामा राष्ट्रिय विभूति सामुदायिक शिक्षा सदन बारा र अर्किड स्कूल भरतपुरले प्रथम स्थान हासिल गरेभने आरम्भ एकेडेमी नवलपुर र जेसीस इन्टरनेशनल बोर्डिङ स्कूल काठमाडौंले दोश्रो र लिटिल स्टेप एकेडेमी नवलपुर र शान्ति नमुना माध्यामिक विद्यालय रुपन्देहीले तेस्रो स्थान हासिल गरे।

सहकार्यात्मक विद्यार्थी गुणीय चक्र ट्रेजर हन्टतर्फ सम्यक गुरुङ, अकुल अधिकारी, आर्या महतो र सियासी सारुको समुह प्रथम, इदुशी राजउपाध्याय, श्वेच्छा आचार्य, आयुष चौधरी र नारायण वलीको समुह दोस्रो र हिमाल भट्टराई, अदिती बजगाई, प्रियंका राजवंशी र युनिका सोतीको समुहले तेस्रो स्थान हासिल गरे।

पुरस्कार वितरण समारोहमा क्वेष्ट नेपालका अध्यक्ष नारद कुमार रिजाल, क्वेष्ट नेपालका प्रमुख संरक्षक प्रोफेसर दिनेश चपागाईं, आयोजक विद्यालयकी प्रिन्सिपल सिस्टर जेसी, क्वेस्ट नेपालका संस्थापक सल्लाहकार फादर लरेन्स मनियार लगायतले पुरस्कार प्रदान गरेका थिए । कार्यक्रममा सहभागी विद्यालयहरू, सहयोगी संस्था, स्वयंसेवक र आयोजक टोलीलाई प्रशंसापत्र र स्मृति चिह्न प्रदान गरिएको थियो भने समारोहमा क्वेस्ट नेपालका मुख्य सल्लाहकार सुनयनी गुरुङ, एसक्यूसी थिङ्क ट्याङ्क निराजन अधिकारी र सुवर्ण राज केसी, महासचिव राम बाबु अधिकारी, उपाध्यक्ष मोहन कुमार कार्की, सचिव रबि श्रेष्ठ, कोषाध्यक्ष जमुना महर्जन लगायत पदाधिकारीहरूको उपस्थिति रहेको थियो।

कार्यक्रममा सेन्ट जेभियर्स जावलाखेल, ग्यालेक्सी, विजयपुर स्कूल, एलआरआई, एपेक्स स्कूल, सैनिक आवासीय महाविद्यालय, स्मल हेभन स्कूललगायत विभिन्न विद्यालयका प्रतिनिधिहरूको सहभागिता रहेको थियो।

अर्को २७औं अन्तर्राष्ट्रिय तथा २०औं राष्ट्रिय सम्मेलन सन् २०२७ मा सेन्ट जेभियर्स जावलाखेल, ललितपुरमा आयोजना हुने भएको छ । समापन समारोहमा आगामी वर्षको सम्मेलनको लागि झण्डा हस्तान्तरण कार्यक्रममा उक्त विद्यालयका प्रिन्सिपल फादर बोनिफेस टिग्गा, सहायक प्रिन्सिपल रमेश महर्जन र गोदावरी हब संयोजक कुन्दन रिजाललाई झण्डा हस्तान्तरण गरिएको थियो। सेन्ट मेरिजका विद्यार्थी द्वय आर्श्या गुरुङ र साराह गुरुङले सञ्चालन गरेको कार्यक्रममा एसएमएसका विद्यार्थीहरूले सांस्कृतिक प्रस्तुति दिएका थिए।




फेवा प्रकाशन प्रा.लि.द्वारा प्रकाशित पोखरापत्र राष्ट्रिय दैनिकका लागि प्रधान सम्पादक : पुण्य पौडेल, सम्पादकः रतन गुरुङ, कार्यकारी सम्पादक : शोभाकान्त सिग्देल, प्रबन्धसम्पादकः नारायण भण्डारी
कार्यालयः नयाँबजार, पोखरा, फोनः ०६१-५८२५०८, ०६१-५७०६५१, ०६१-५३७८५७ E–mail: pokharapatradaily@gmail.com, pokharapatra@yahoo.com, Website : www.pokharapatra.com.np मुद्रणः हिमालय अफ्सेट प्रेस, नयाँबजार, पोखरा।

सुक्तिसुधा

## सम्पादकीय

# निर्वाचन आयोगको हतारको निर्णय

नेपाली कांग्रेसको दोस्रो विशेष महाधिवेशनबाट निर्वाचित सभापति गगनकुमार थापा नेतृत्वको केन्द्रीय कार्यसमितिलाई निर्वाचन आयोगले  वैधानिक र आधिकारिक मान्यता प्रदान गरेको छ। आयोगको यो निर्णयसँगै नेपाली कांग्रेसभित्रको विवाद सर्वोच्च अदालत पुग्ने भएको छ । नेपाली कांग्रेसको दोस्रो विशेष महाधिवेशन 'कांग्रेस बदल्नका लागि, बदलिएको कांग्रेसमार्फत देश बदल्नको लागि' नाराका साथ भदौ २७ देखि ३० गतेसम्म काठमाडौँमा आयोजना गरिएको थियो। महाधिवेशनले पार्टीको नेतृत्व, नीति र विधान परिवर्तनको निर्णय गरेको छ। कांग्रेसको पहिलो विशेष महाधिवेशन २०१४ जेठ १० र ११ गते विराटनगरमा सम्पन्न भएको थियो। सो महाधिवेशनले काङ्ग्रेस जुटाएको थियो ।दोस्रो महाधिवेशनले काङ्ग्रेसलाई फुटाउने काम गरेको छ।

भदौ २३ र२४ पछि काङ्ग्रेसमा नेतृत्व हस्तान्तरणको माग उठेको थियो ।नियमित महाधिवेशनबाट नेतृत्व परिवर्तन गर्न त्यति सहज नठानेपछि दुई हजार ४८८ जना अर्थात् ५४.५८ प्रतिशत महाधिवेशन प्रतिनिधिले विशेष महाधिवेशनको माग गर्दै गत असोज २९ गते पार्टी केन्द्रीय कार्यालय सानेपामा निवेदन दिएका थिए। निवर्तमान केन्द्रीय कार्यसम्पादन समितिको पुस १८ गतेको बैठकले बहुमतका आधारमा २०८३ वैशाख २८, २९, ३० र ३१ गते पार्टीको १५ औँ महाधिवेशनको मिति तय गरेपछि तत्कालीन महामन्त्रीद्वय गगनकुमार थापा र विश्वप्रकाश शर्माले विशेष महाधिवेशनको प्रक्रिया अघि बढाएका थिए । केन्द्रीय कार्यसम्पादन समितिले विशेष महाधिवेशनको औचित्य सकिएको भन्दै स्थगन गर्न गरेको आग्रह नमानी महाधिवेशन गर्दा देशको पुरानो लोकतान्त्रिक दल निर्वाचन आयोगको निर्णय विरुद्ध सडक र अदालत धाउने अवस्था आउनु सुखद होइन। सभापति शेरबहादुर देउवा पक्षको अनुपस्थितिमै विशेष महाधिवेशन सम्पन्न गरेकालाई दुई पक्षलाई राखेर छलफल नगरी  निर्वाचन आयोगले हतारमा  मान्यता दिएर निर्वाचनमा एउटा पक्षलाई बाहिर पार्न खोजेको छ।

गगन  थापाले कांग्रेसमा विधिविधान र पद्धति स्थापित भएको र निर्वाचन आयोगले संविधान, प्रचलित कानुन र पार्टीको विधान अनुसार निर्णय गरेको बताउँदै यसप्रति आभार व्यक्त गरेका छन । यो कांग्रेसका सदस्य र शुभेच्छुकजनले कांग्रेसमा सार्थक परिवर्तन र देशको समुन्नतिका लागि गरेको इमानदार प्रयत्नको साझा प्रतिफल भएको थापाको दावी छ । नेपाली कांग्रेस आफ्नो मूल जरामा, आफ्नो मूल्यमान्यता र आदर्शमा फर्केको जिकिर गर्दै थापाले  यस परिस्थितिमा कांग्रेसलाई अगाडि बढाउन पार्टीका पूर्वसभापति शेरबहादुर देउवासहित पार्टीमा विभिन्न तह र निकायमा रहेका नेता कार्यकर्ताबाट पार्टीको लोकतान्त्रिक प्रक्रियालाई सहज रूपमा लिई पूर्ण साथ रहने विश्वास व्यक्त गरेका छन।थापालाई निर्वाचन आयोगले मान्यता दिएकोलाई संस्थापनले अस्वीकार गरेको छ।

कार्यवाहक सभापति पूर्णबहादुर खड्काले निर्वाचन आयोगको निर्णय अमान्य रहेको बताउदै  आयोगको निर्णय संविधान, राजनीतिक दलसम्बन्धी कानुन र नेपाली कांग्रेसको विधानविपरीत रहेको दाबी गरेका छन । "निर्वाचन आयोगको निर्णय षड्यन्त्रपूर्ण छ। हामीलाई अमान्य छ। यसविरुद्ध हामी राजनीतिक, कानुनी सबैखाले लडाइँ लड्छौँ।" खड्काको उद्घोष छासर्वोच्च अदालत जाने निर्णय गरेको छ। माघ ६ गते उमेदवार मनोनयन गर्ने समय गुजार्ने गरि निर्वाचन आयोगको निर्णयले देशको पुरानो र ठूलो दललाई अदालत धाउने बनाउनु राम्रो होइन। यसले चुनाव समयमा हुन नदिने र चुनाव भएपनि एउटा पक्षले स्वीकार गर्न नसक्ने वातावरण बनाउन खोजीएको त होइन भन्ने शंका गर्ने ठाउँ दिएको छाजुन अस्थिर राजनीतिलाई सही बाटोमा ल्याउन गरिएको प्रयासलाई भत्काउने र सधैं अस्थिर बनाउन चाहनेको कदमलाई सघाउ पुऱ्याउने काम हो।

# तपाईंको आज

| | | | |
|---|---|---|---|
| मेष | : कार्यमा सफलता | तुला | : ब्यापारमा लाभ |
| वृष | : सहयोग मिल्नेछ | वृश्चिक | : शत्रुको भय |
| मिथुन | : सत्कार मिल्नेछ | धनु | : झमेला बड्ने |
| कर्कट | : अप्रत्यसित लाभ | मकर | : शुभ यात्रा |
| सिंह | : शारीरिक झमेला | कुम्भ | : स्वास्थ्यमा सुधार |
| कन्या | : मानसिक तनाब | मीन | : आर्थिक समस्या |

**हरिसिद्धि भविश्यवाणी केन्द्र**
पोखरा–१६, जोगिमणीमार्ग, मोबाइल: ९८५६०२०५८६
चिना, टिप, हस्तरेखा,आखत,माटो हेर्नका लागि सम्झनुहोस्।

# म्याग्दीका उत्कृष्ट २० कृषक पुरस्कृत

**पोखरापत्र संवाददाता**
म्याग्दी, ३ माघ

म्याग्दीका उत्कृष्ट २० कृषकलाई पुरस्कृत गरिएको छ । शनिबार यहाँ बेनीमा माघे सङ्क्रान्ति पर्वको अवसरमा कृषि विकास कार्यालय र म्याग्दी उद्योग वाणिज्य सङ्घअन्तर्गत महिला उद्यम विकास समितिले आयोजना गरेको कृषि मेला प्रदर्शनीमा पहिलो, दोस्रो, तेस्रो र सान्तवना हुने किसानलाई पुरस्कृत गरिएको हो।

काउली, अन्य तरकारी, फलफूल, जरे/गानो र विविध समूहमा कृषकले उत्पादन गरेका उपजको मूल्याङ्कन गरी पुरस्कृत गरिएको कृषि विकास कार्यालयका प्रमुख सञ्जिव बाँस्तोलाले जानकारी दिनुभयो। "व्यावसायिक कृषकलाई प्रतिस्पर्धी बनाउनका लागि प्रोत्साहन र हौसला प्रदान गर्ने उद्देश्यले प्रदर्शनी आयोजना गरिएको हो", उहाँले भन्नुभयो, "५० जनाभन्दा बढी कृषकले आफूले उत्पादन गरेका उपज प्रदर्शनीमा ल्याएका थिए।"

पुरस्कृत भएकाहरूलाई कार्यालय प्रमुख बाँस्तोला, म्याग्दी उद्योग वाणिज्य सङ्घका अध्यक्ष सुविन श्रेष्ठ, महिला उद्यम विकास समितिका सभापति अम्बिका श्रेष्ठले पुरस्कार वितरण गर्नुभएको थियो । काउलीबालीमा बेनपा-१ का तेजबहादुर बरुवाल प्रथम, मङ्गला-२ का हरिकृष्ण अधिकारी दोस्रो, बेनपा-२ का नारायणबहादुर कार्की तृतीय र बेनपा-१ का रुद्रबहादुर थापा सान्त्वना हुनुभएको छ। अन्य तरकारीमा बेनपा-२ का चन्द्रबहादुर कार्की प्रथम, रघुगङ्गा-३ का जीतबहादुर खत्री दोस्रो, बेनपा-६ का श्रीलाल रिजाल तृतीय र अन्नपूर्ण-६ का राम बरुवाल सान्त्वना भएका कृषि विकास कार्यालयका प्रशासकीय अधिकृत विष्णुप्रसाद पौडेलले बताउनुभयो।

फलफूलबालीतर्फ रघुगङ्गा-१ का वीरबहादुर तिलिजा प्रथम, मङ्गला-२ का श्रीकृष्ण पौडेल दोस्रो, अन्नपूर्ण-३ का दुर्गादत्त सुवेदी तेस्रो र बेनपा-१ का ईश्वर केसी सान्त्वना हुनुभएको छ । जरे/गानोबाली समूहमा रघुगङ्गा-१ का ढकबहादुर पुन प्रथम, रघुगङ्गा-८ का विमला शेरपुञ्जा मगर दोस्रो, मङ्गला-२ का छमलाल पौडेल तेस्रो र बेनपा-५ का आदर्श कृषि फर्म सान्त्वना भएका छन् । विविधतर्फ बेनपा-९ का भीमबहादुर सुवेदी प्रथम, धौलागिरि-७ का ओमबहादुर थापा दोस्रो, बेनपा-४ का डिल केसी तेस्रो र बेनपा-७ का साधनाकुमारी श्रेष्ठ सान्त्वना हुनुभएको छ।

# 'क्रिएटर्स मेला २०२६' सुरु

**पोखरापत्र संवाददाता**
चितवन, ३ माघ

डिजिटल सामग्री सिर्जनामा मात्र सीमित नरही दिगो र पेसागत व्यवसाय निर्माणमा केन्द्रित गर्ने उद्देश्यसहित 'क्रिएटर्स मेला २०२६: भिजन टु भेन्चर' सुरु भएको छ। नेपालस्थित अमेरिकी दूतावासको आयोजनामा आजदेखि यहाँ चितवनको होटल सिराइचुलीमा मेला सुरु भएको हो।

डिजिटल क्रिएटर्सको 'इकोसिस्टम' सशक्त बनाउने उद्देश्यसहित बहु-सहर कार्यक्रमको औपचारिक सुरुआत चितवनबाट गरिएको र निरन्तर अन्य सहरमा पनि सञ्चालन हुने दूतावासबाट जारी विज्ञप्तिमा उल्लेख छ । चितवनमा पहिलो पटक आयोजना गरिएको संस्करणमा ८०० भन्दाबढी युवा तथा उदीयमान डिजिटल क्रिएटर्सको सहभागिता रहेको र त्यस क्रममा समूह छलफल, स्पटलाइट संवाद, प्रयोगात्मक कार्यशाला, प्रत्यक्ष प्रस्तुति तथा 'पिच टु सक्सेस' कार्यक्रम सञ्चालन गरिएको विज्ञप्तिमा उल्लेख छ । कार्यक्रममा अभिनेत्री प्रियङ्का कार्की, अभिनेता आयुष्मान जोशी, क्याविनेट श्रेष्ठ, आनन्द बगरिया र सन्ध्या केसीलगायत वक्ता तथा कलाकारको उपस्थिति थियो । क्रिएटर्स मेलाअन्तर्गत यही माघ १० गते नेपालगञ्जमा, १६ र १७ गते काठमाडौँमा दुईदिने 'फिनाले' आयोजना गरिने जनाइएको छ । काठमाडौँ कार्यक्रमको मुख्य आकर्षण 'पिच टु सक्सेस' रहने र जहाँ छनोट गरिएका क्रिएटर्सले नेपालका अग्रणी 'कर्पोरेट' नेतृत्वसमक्ष आफ्ना व्यावसायिक अवधारणाहरू प्रस्तुत गर्दै प्रत्यक्ष प्रतिक्रिया र मार्गदर्शन प्राप्त गर्ने अपेक्षा गरिएको छ। "यस वर्षको विषयवस्तु 'भिजन टु भेन्चर' डिजिटल कथाकथन र व्यावसायिक उद्यमबीचको दूरी घटाउने उद्देश्यले तयार गरिएको हो। प्रविधि, डिजिटल प्लेटफर्ममार्फत आम्दानी तथा डिजिटल व्यवसाय विकासमा रहेको अमेरिकी विज्ञतालाई समेट्दै यस मेलाले क्रिएटर्सलाई आफ्ना सिर्जनात्मक क्षमतालाई दीर्घकालीन पेसा र व्यवसायमा रूपान्तरण गर्न सहयोग गर्ने अपेक्षा गरिएको छ", नेपालस्थित अमेरिकी दूतावासका सार्वजनिक मामिला प्रमुख माइक हार्करले भन्नुभयो । मेलाले नेपालको रचनात्मक अर्थतन्त्र सुदृढ बनाउने अमेरिकाको प्रतिबद्धता झल्काउने उल्लेख गर्दै उहाँले यसले ज्ञान, सीप र सञ्जाल विस्तारमार्फत उद्यमशीलता र रोजगारी सिर्जनामा सहयोग गरिरहेको उल्लेख गर्नुभयो। नेपाली क्रिएटर्सलाई स्थानीय प्रभावमा सीमित नराखी अमेरिकी व्यावसायिक साझेदार तथा विश्वव्यापी बजारसम्म पुऱ्याउने लक्ष्य रहेको हार्कर बताउनुभयो।

## नागरिक पारदर्शिताको लागि सार्वजनिक सूचना

पोखरा महानगरपालिका वडा नं. २१ को फुर्सेखोला हुलाक डाँडा सडक स्तरोन्नती गर्दा निम्न अनुसारको आम्दानी तथा खर्च भएको सम्बन्धित सबैको जानकारी तथा नागरिक पारदर्शिताको लागि यो सूचना प्रकाशित गरिएको छ।

योजनाको नाम : फुर्सेखोला हुलाक डाँडा सडक स्तरोन्नती वडा नं. २१
उपभोक्ता समितिको नाम : फुर्सेखोला हुलाक डाँडा सडक स्तरोन्नती उपभोक्ता समिति, पोखरा-२१, कास्की
जम्मा सदस्य संख्या : ७
महिला सदस्य संख्या : ३
योजना सम्झौता मिति : २०८२/०८/२२
योजना सुरु मिति : २०८२/०८/२३
योजना सम्पन्न हुने मिति : २०८२/११/१५
महानगरपालिकाबाट : रु. २०,००,०००/-
जनसहभागिता : रु. २,२४,४०७/९४
योजनाको कुल लागत : रु. २२,२४,४०७/९४

**देव प्रसाद पहारी**
**अध्यक्ष**
**फुर्सेखोला हुलाक डाँडा सडक स्तरोन्नती उपभोक्ता समिति, पोखरा-२१, कास्की**

# पर्वतमा ७३ जना ज्येष्ठ नागरिकले पाए निःशुल्क आँखाको ज्योति

**पोखरापत्र संवाददाता**
पर्वत, ३ माघ




यहाँको कुश्मामा सञ्चालित निःशुल्क आँखा परीक्षण शिविरमा ५७४ जनाको परीक्षण गर्दा ७३ जनामा मोतिबिन्दुको समस्या देखिएको छ।

नेपाल नेत्रज्योति सङ्घ, हिमालय आँखा अस्पतालद्वारा लायन्स क्लब अफ हिमालय, कुश्मा र लायन्स क्लब अफ पर्वत अल्पेश्वरसँगका सहकार्यमा गत हप्ता यहाँ दुईदिने निःशुल्क आँखा परीक्षण शिविर सञ्चालन गरिएको थियो।

नेपाल नेत्रज्योति सङ्घ, मिहालय आँखा अस्पतालका बाह्य कार्यक्रम व्यवस्थापक तथा नेत्र अधिकृत सुवास नेपालका अनुसार मोतिबिन्दु देखिएका सबै बिरामीको निःशुल्क शल्यक्रिया गरिएको छ । शिबिरमा चश्मा आवश्यक देखिएका बिरामीहरूलाई निःशुल्क चस्मा समेत वितरण गरिएका थियो । हिमालय आँखा अस्पतालकी नेत्र रोग विषेशज्ञ डा हरिबिक्रम अधिकारीको नेतृत्वमा रहेको स्वास्थ्यकर्मीहरूको टोली आँखा परीक्षण तथा शल्यक्रिया गरेको थियो। अस्पतालले विभिन्न विकास साझेदारहरूसंगको सहकार्यमा गण्डकी प्रदेश तथा कर्णाली प्रदेशमा निःशुल्क शिबिर सञ्चालन गर्दै आइरहेको छ।

नेपाल नेत्रज्योति सङ्घका महासचिव भरतबहादुर चन्दले 'हाम्रो कर्तव्य, हाम्रो जिम्मेवारी– आँखा सेवामा साझेदारी' भन्ने मूल नाराका साथ सङ्घले विभिन्न निकायहरूसँगको सहकार्यमा अस्पतालको पहुँचभन्दा टाढा रहेका नागरिकलाई लक्षित गरी वार्षिक आँखा शिविर सञ्चालन गर्दै आएको जानकारी दिनुभयो।

उहाँले ग्रामीण क्षेत्रका न्यून आयस्तरका, गरिब तथा विपन्न नागरिकहरू आर्थिक तथा भौगोलिक पहुँचको अभावका कारण स्वास्थ्य समस्या हुँदाहुँदै पनि उपचारबाट वञ्चित हुने अवस्थालाई मध्यनजर गर्दै सङ्घले उनीहरूको घरआँगनमै पुगेर गुणस्तरीय आँखा उपचार सेवा प्रदान गरिरहेको उल्लेख गर्नुभयो । यसैगरी, नेपाल नेत्रज्योति सङ्घका कार्यकारी निर्देशक डा शैलेशकुमार मिश्रका अनुसार सङ्घले हालसम्म देशका ६७ जिल्लामा स्थायी आँखा उपचार संरचना स्थापना गरिसकेको छ भने ७७ वटै जिल्लाका नागरिकलाई आँखा उपचार सेवा प्रदान गर्दै आएको छ। सङ्घले स्थापना कालदेखि सन् २०२४ को अन्त्यसम्म २८ आँखा अस्पताल तथा २२६ आँखा उपचार केन्द्रको सञ्जालमार्फत नेपाली नागरिकसहित विभिन्न देशका गरी कुल ४ करोड ६८ लाख ६८ हजार ६० जनालाई आँखा उपचार सेवा प्रदान गरिएको छ।

यस अवधिमा ५३ लाख ९२ हजार २२४ जनाको आँखाको शल्यक्रिया सम्पन्न भइसकेको सङ्घले जनाएको छ।

# ट्राफिक प्रहरीद्धारा ५१ लाख राजश्व संकलन

**पोखरापत्र संवाददाता**
स्याङ्जा, ३ माघ

जिल्ला ट्राफिक प्रहरी कार्यालय स्याङ्जाले ५१ लाख भन्दा बढी राजश्व संकलन गरेको छ।

चालु आर्थिक वर्ष २०८२/८३ को पहिलो ६ महिना (साउन-पौष) मा ट्राफिक प्रहरीले ५१ लाख ६० हजार रुपैयाँ राजश्व संकलन गरेको हो।

ट्राफिक नियम उल्लंघन गर्ने ६ हजार ४१८ सवारी चालकलाई कारबाही गर्दा उक्त राजश्व संकलन भएको ट्राफिक प्रहरीले जनाएको छ। जिल्लाको फेदीखोला, पुतलीबजार, आँधीखोला, भीरकोट, वालिङ, गल्याङ, चापाकोट र मिर्मिस्थित ट्राफिक चेकपोष्ट मार्फत राजश्व संकलन भएको प्रहरीले जनाएको छ।

कुल संकलित राजश्वमध्ये साउनमा एक हजार ४२३ सवारी चालकलाई कारबाही गरेर ९ लाख ९९ हजार र भदौमा एक हजार ३४४ सवारी चालकबाट १० लाख ५२ हजार राजश्व संकलन भएको थियो।

असोज महिनामा ६१९ सवारी चालकलाई कारबाही गर्दा ५ लाख ६५ राजश्व संकलन भएको स्याङ्जाका ट्राफिक प्रहरी प्रमुख भुपेन्द्र प्रसाद गौलीले जानकारी दिए। त्यसैगरी कार्तिकमा ८४१ सवारी चालकलाई कारबाही गरेर ७ लाख दुई हजार राजश्व संकलन गरेको प्रहरीले मंसिरमा एक हजार १०२ सवारीबाट ९ लाख २४ हजार पाँच सय र पुष महिनामा एक हजार ७९ सवारी धनीलाई कारबाही गरेर ९ लाख १७ हजार पाँच सय राजश्व संकलन गरेको ट्राफिक प्रहरीले जनाएको छ।

अघिल्लो आर्थिक वर्षको सोहि अवधिको तुलनामा पछिल्लो वर्ष राजश्व संकलन घटेको छ। आर्थिक वर्ष २०८१/८२ को पहिलो ६ महिनामा ८ हजार ८५१ सवारी चालकलाई कारबाही गर्दा ट्राफिक प्रहरीले ६८ लाख चार हजार राजश्व संकलन गरेको थियो । जिल्लास्थित विद्यालय र समुदायमा ट्राफिक नियमको नियमित संचेतनामुलक कार्यक्रम गर्दै आएको ट्राफिक प्रहरीले राजश्व संकलनमा गिरावट आउनुमा जेनजी आन्दोलन मुख्य कारण रहेको जनाएको छ। भदौ २३ र २४ गतेको आन्दोलनपछि राजमार्ग केन्द्रित चेकिङ्ग कार्य प्रभावित भएको ट्राफिक प्रहरीले जनाएको छ।

# मातृभुमि बचत समुहको २९ औं साधारण सभा सम्पन्न

**पोखरापत्र संवाददाता**
पोखरा, ३ माघ



पोखरा-१९ घार्मी, माझटोलमा रहेको मातृभुमि कृषि बचत समुहको २९ औं बार्षिक साधारण सभा सम्पन्न भएको छ।

साधारण सभामा बोल्दै समुहका सल्लाहकार हुतराज शर्मा पौडेलले ग्रामिण क्षेत्रमा संचालित समुहले स सानो रकम बचत गरी स्थानीयमा बचत गर्ने बानीको विकास गरेको बताए। उनले समुहले बचत मात्र नगरी केही रकम उत्पादन मुलक कृषि क्षेत्रमा लगाउन सुझाव दिए । सल्लाहकार संयोजक ढुण्डिराज पौडेलले विभिन्न क्षेत्रमा सफलता हासिल गरेका सहकारीको अध्ययन गरी अनुभव आदान प्रदान गर्नुपर्नेमा जोड दिए। समुहका अध्यक्ष नन्दराज दाहालको अध्यक्षतामा भएको सभामा लेखा उपसमितिका संयोजक राजेन्द्रप्रसाद पौडेल, ऋण लगानी उपसमितिका संयोजक शोभाकर पौडेल, शिक्षा उपसमितिका संयोजक तिलकराज शर्मा पौडेल,शेयर सदस्य नारायण पौडेल,अर्जुन अधिकारी,शकंर पौडेल, धुर्वराज पौडेल, भरतराज पौडेल लगायतले कृषि तथा दुग्ध व्यवसायमा लागेका कृषकलाई प्रोत्साहन गर्नुपर्ने बताए। अध्यक्ष दाहालले सदस्यबाट प्राप्त सुझावलाई अध्ययन गरी अगाडी बढाउने स्पष्ट पारे । सभाले कोषाध्यक्ष विष्णुप्रसाद पौडेलको आर्थिक प्रतिवेदन, सचिव प्रेमबहादुर जिसीको वार्षिक प्रतिवेदन पारित गरेको छ । नयाँ शेयर सदस्य श्रीराम पौडेल र पवित्रा पौडेललाई स्वागत गरिएको सभाले अध्ययन अवलोकन भ्रमणका लागि तिलकराज शर्मा पौडेलको संयोजकत्वमा समिति समेत गठन गरेको छ । समुहका उपाध्यक्ष भगवती पौडेलले स्वागत गरेको कार्यक्रमको संचालन संभाव्यता अध्ययन उपसमितिका संयोजक शिशिर पौडेलले गरेका थिए। २०५३ सालमा महिलाको सक्रियतामा गठन भएको समुहमा हाल ९७ जना सदस्य आवद्ध छन्।

# पुर्ख्यौली नृत्य पुस्तान्तरणका लागि प्रतियोगिता

पोखरापत्र संवाददाता
म्याग्दी, ३ माघ

मगर समुदायको मौलिक लोक संस्कृति पुर्ख्यौली नृत्यको पुस्तान्तरणका लागि मालिका गाउँपालिका-६ दरवाङमा प्रतियोगिता सम्पन्न भएको छ।

नेपाल मगर सङ्घ मालिका गाउँपालिकाले माघे सङ्क्रान्ति पर्वको अवसरमा शुक्रबार आयोजना गरेको प्रतियोगितामा नौ समूहले सहभागिता जनाएका थिए। प्रतियोगितामा बिम तल्लो गाउँ पहिलो, पन्थोक राजदाङ दोस्रो र चिउरीबोट तेस्रो भएको नेपाल मगर सङ्घ मालिकाका अध्यक्ष ओमकार रोकाले जानकारी दिनुभयो। उहाँका अनुसार पहिलो, दोस्रो र तेस्रो हुने कलाकार समूहलाई क्रमश रु. ३० हजार, २० हजार र १५ हजार नगद पुरस्कार प्रदान गरिएको छ। मालिका गाउँपालिकाका अध्यक्ष बेगप्रसाद गर्बुजा, वडा अध्यक्षहरू पथबहादुर रोका, उदयबहादुर रोका लगायतले पुरस्कार वितरण गर्नुभएको थियो। "मगर समुदायको जन्म, मृत्यु, बिवाह, छेवारमा अनिवार्य प्रस्तुत गर्नुपर्ने पुरख्यौली नाच संरक्षण र नयाँ पुस्तामा सिप हस्तान्तरण गर्ने उद्देश्यले मालिकामा पहिलो पटक प्रतियोगिता आयोजना गरिएको हो," उहाँले भन्नुभयो "अग्रज र नयाँ पुस्ताका कलाकार सँगै पुरख्यौली प्रतियोगितामा सहभागी भएर पुस्तान्तरणको वातावरण बनेको छ।"



पुरख्यौलीमा माया प्रेम, प्रकृति र सामाजिक घटनाहरूलाई सोरठी, यानीमाया, खेली, ठाडो खेली, दरखेली, भालै भाका, चुड्के खेली, लस्के खेलीको भाकामा गित गाउने गरिन्छ। गित मार्फत प्रकृति र देवी देवताको सम्मान गर्दा सरस्वती जागेर शरिर काम्ने यो नाचको अनौठो विशेषता रहेको मालिका गाउँपालिका-२ रुमका कलाकार तविलाल पुनले बताउनुभयो। "पुरख्यौली गित, नृत्यले देवी देवताहरूको सम्मान गर्छ," उहाँले भन्नुभयो "लोककथाका विषयलाई गित र नृत्यका माध्यमबाट प्रस्तुत गर्नुनै पुरख्यौलीको प्रमुख विषेशता हो।" दुःख पर्दाको समयमा सान्त्वना दिन सोरठी भाकामा गाउने चलन छ। गीतको भाका र नाच्नेहरूबीच मादलको ताल मिल्नुपर्छ। पुरख्यौली सात रात सात दिनसम्म पनि गाएर/ नाचेर नसकिने मान्यता छ। पुरख्यौली नाच देखाउँदा महिलाले सोरठी भाका गाउने गर्छन्। पुरुषहरू कोही कोही महिलाले लगाउने चोली, गुन्यू, पटुका, घल्याङ, पछ्यौरा, माला, हातमा रैयाले सिङ्गारिएर मारुनी बन्छन् भने सोही अनुपातमा शिरमा फेटा-टोपी, भोटो, खादी भांङ्रा र कम्मरमा मादल भिरेर कोही मादले बनेर (मादले मारुनी) नाच देखाउँछन्।

विशेष गरी यो नाच शुरु गर्नु पूर्व सरस्वती जगाउने गरिन्छ। मादलको तालअनुसार देखाइने यो नाचमा सरस्वती जगाउँदा चोखो शरीर भएकाहरू एक्कासी काम्ने गर्छन्।

वैदेशिक रोजगारीका कारण युवा र पुरानो पुस्ताबीचमा संस्कृति हस्तान्तरणमा खाडल देखिएपछि तालीम, सहजीकरण लगायतका माध्यमबाट संस्कृति संरक्षणमा पहल गरेको मालिका गाउँपालिका-७ बिम तल्लोगाउँका बुद्धीबहादुर जुग्जालीले बताउनुभयो।

"केही वर्ष अघिसम्म बूढापाकाहरू मात्रै नाच्न र गाउन सक्ने भए पनि पछिल्लो समय युवा जमातसमेत नाचमा सहभागी हुन थालेका छौ," उहाँले भन्नुभयो "अघिल्लो पुस्ताले हामीलाई सिकाउनुभयो, हामीले पछिल्लो पुस्तालाई पुरख्यौली संस्कृतिको ज्ञान, सिप र मौलिकता हस्तात्रण गरेर लोप हुन दिदैनौ।"

# बेनी अस्पतालमा शल्यक्रिया सेवा सुचारु भएपछि जिल्लावासीलाई सहज

पोखरापत्र संवाददाता
म्याग्दी, ३ माघ

प्रदेश अस्पताल बेनीमा शल्यक्रियामार्फत गरिने प्रसूति र सर्जरी सेवा सूचारु भएपछि जिल्लावासीलाई सहज भएको छ।

शल्यक्रियामार्फत गरिने प्रसूति, 'हाइड्रोशिल', 'एपेण्डिस' र 'हर्निया'को शल्यक्रिया सेवाका लागि पोखरा, काठमाडौं, चिनवन पुग्नुपर्ने जिल्लावासीको समस्या कम भएको हो। अन्नपूर्ण गाउँपालिका-६ घारकी कृष्टि परियारले 'एपेन्डिस'को उपचार बेनीमै भएपछि पोखरा जाँदा हुने खर्च र समयको बचत भएको बताउनुभयो। "पोखरा जानुपरेको भए रु एक लाखभन्दा बढी खर्च हुने रहेछ", उहाँले भन्नुभयो, "बेनीमै एपेन्डिसको शल्यक्रिया भएपछि रु १० हजारलेनै पुग्यो।" सहरका सरकारी अस्पतालमा बेड नपाउने र निजी अस्पतालमा पुगेर उपचार गर्न नसक्ने आर्थिक रूपमा विपन्न, भौगोलिक रूपमा विकट र दुर्गम क्षेत्रका सर्वसाधारणहरूलाई प्रदेश अस्पतालको शल्यक्रिया सेवा प्रभावकारी बनेको छ।

रघुगङ्गा गाउँपालिका-३ मौवाफाँटकी जमुना किसानले २१ वर्षदेखिको स्त्रीरोगसम्बन्धी समस्याको यसै हप्ता बेनी अस्पतालमा शल्यक्रिया गर्नुभयो। "भर्ना भएको भोलिपल्टै शल्यक्रिया भयो", उहाँले भन्नुभयो,



"शल्यक्रिया सफल भएपछि २१ वर्षदेखिको समस्या निको भएर घर फर्कदैछु।"

विशेषज्ञ चिकित्सक अभावमा अस्पतालमा कात्तिक र मङ्सिर महिनामा शल्यक्रिया सेवा बन्द भएका थिए। प्रदेश सरकारले स्त्री तथा प्रसूतिरोग र सर्जन चिकित्सकको व्यवस्था मिलाएपछि पुस महिनायता सेवा नियमित छ। प्रदेश अस्पताल बेनीका प्रमुख डा हेमन्त बास्तोलाले पुष महिनामा मात्रै २१ वटा शल्यक्रिया गरिएको जानकारी दिनुभयो। "जुम्ल्याह बच्चा भएका गर्भवतीलाई पनि यहीनै शल्यक्रियामार्फत प्रसूति गराएका छौँ", उहाँले भन्नुभयो, "सिमित स्रोत, साधन र जनशक्तिका बाबजुत यहाँ आएका बिरामीलाई सम्भव भएसम्म बाहिर जानु नपरोस भन्ने प्रयास गरेका छौँ।"

बेनी अस्पतालबाट म्याग्दी, मुस्ताङ, पर्वतको जलजला, बागलुङको तमानखोला गाउँपालिकाका बासिन्दाले सेवा लिने गरेका छन्। बेनीनगरपालिका-६ की सुष्मा पौडेलले बेनी अस्पतालमा रोग पहिचानका लागि आवश्यक थप उपकरण र दक्ष जनशक्तिको नियमित व्यवस्था मिलाउनुपर्ने बताउनुभयो। बेनी अस्पतालले अन्तरङ्ग र बहिरङ्गसहित हाडजोर्नी, दन्त, आँखा, बच्चा उपचार कक्ष, हिंसा प्रभावितका लागि अल्पकालीन सेवा केन्द्र, डायलासिस सेवा सञ्चालन गर्दै आएको छ। मेडिसिन, दन्तरोग, मनोसामाजिक विशेषज्ञ र ११ जना मेडिकल अधिकृत कार्यरत छन्।

वार्षिक ६० हजारभन्दा बढीले सेवा लिने बेनी अस्पतालको विसं २०७४ देखि सुरु भएको भवन निर्माण कार्यले पूर्णता नपाउनु र दरबन्दीअनुसारका चिकित्सक तथा स्वास्थ्यकर्मी नहुनु मुख्य चुनौति बनेको छ। बेनी अस्पताललाई विसं २०७२ मा १५ बाट ५० शय्या क्षमतामा स्तरोन्नति गरिएको थियो।

# बीरे म्हिगीकोनेहरुको ३९औं बार्षिक कुलायन पूजा सम्पन्न

पोखरापत्र संवाददाता
पोखरा, ३ माघ

बीरे म्हिगीकोने दाङसिङ मोहोरियाले रन्जित ईभेन्ट सेन्टर पोखरा रानीपौवामा आयोजन गरेको म्हिगीकोनेहरुको कुलायन पूजा तथा चेलीबेटी, ज्वाइँ र भान्जाभान्जीहरुसँगको भेटघाट कार्यक्रम कुलकै सबभन्दा ज्येष्ठ व्यक्ति चन्द्र बहादुर (सि.बी) घोतानेको हातबाट टीका र प्रसाद ग्रहणबाट शुभारम्भ गरी भव्यताको साथ बिहीबार सम्पन्न गरिएको छ।



कार्यक्रममा राष्ट्रिय गान र गुरुङ राष्ट्रिय गान बजाईनुको साथै आफ्ना पितृहरु मौन धारण गर्दै पितृ बीरे म्हिगीकोनेको तस्बिरमा दिप प्रज्वलन, धुप बाल्ने र माल्याणर्पण गरी उद्घाटन गरेर औपचारिक कार्यक्रमको शुरुवात गरिएको थियो।

सो अवसरमा चेलीबेटी, ज्वाइँ र भान्जाभान्जीहरुलाई स्वागत गरिनुको साथै गुठीको सम्मानित आजिवन सदस्य लिएको, गुठीलाई आर्थिक सहयोग दिनेहरु, परिवारमा उच्च शिक्षा हासिल गरेका, नव विवाहित जोडी र बिदेशबाट छुट्टीमा नेपाल आउनु भएको परिवारको सदस्यहरुलाई कदर पत्र वितरण गरिनुको साथै खादा र माला लगाएर सम्मान गरिएको थियो। कार्यक्रमलाई थप आकर्षक र मनोरञ्जन दिलाउन पुरस्कारको व्यवस्था गरी महिलाहरु तर्फ चेलीबेटी र भान्जीहरुको लागि म्युजिकल चियर र पुरुषहरु तर्फ ज्वाइँ र भान्जाहरुको लागि घैटो फुटाउने जस्ता खेलहरु पनि खेलाएको थियो। कार्यक्रमको अध्यक्षता गुठीको अध्यक्ष ले. अर्जुन कुमार म्हिगीकोनेले गरेको थियो भने गुठीको उपाध्यक्ष अमर म्हिगीकोनेले स्वागत मन्तव्य दिनुभएको थियो। गुठीको आमा समुहहरुले स्वागत नृत्य समेत प्रस्तुत गर्नु भएको थियो भने बिभिन्न ब्यक्तित्वहरुबाट शुभकामना मन्तव्य दिनु भएको थियो। कार्यक्रम संचालन गुठीको सचिव गनेश म्हिगीकोने र सह सचिव बुद्धि बहादुर म्हिगीकोनेले गर्नुभएको थियो।

# २६ औँ आदर्श कप माघ ९ गतेदेखि हुने

पोखरापत्र संवाददाता
पोखरा, ३ माघ

पोखरा-२९ भण्डारढिकमा रहेको आदर्श युवा क्लबको आयोजनामा यही माघ ९ गतेदेखि पोखरामा २६ औँ संस्करणको आदर्श कप फुटबल प्रतियोगिता २०८२ हुने भएको छ। माघ १६ गतेसम्म भण्डारढिकको खेलमैदान (लेखनाथ रंगशाला) मा संचालन हुने प्रतियोगितामा दुई विभागीय टोली सहित आठ टिमको सहभागिता रहने शनिबार पोखरामा आयोजित पत्रकार सम्मेलनमा जानकारी गराइएको हो।

प्रतियोगितामा आयोजक आदर्श युवा क्लब, कास्की, कास्की जिल्ला फुटबल संघ, तनहुँ जिल्ला फुटबल संघ, नेपाल प्रहरी (गण्डकी प्रदेश), सशस्त्र प्रहरी बल (मुक्तिनाथ बाहिनी मुख्यालय), म्याग्दी जिल्ला खेलकुद विकास समिति, गन्नी फुटबल क्लब (पर्वत) र होराइजन क्लब (वालिङ-स्याङ्जा) सहभागि हुने भएको क्लबका अध्यक्ष पदम गुरुङले बताउनु भयो। क्लवले खेल तालिका(टाई सिट) समेत शनिबार सार्वजनिक गरेको छ। माघ ९ गते हुने उद्घाटन खेलमा कास्की जिल्ला फुटवल संघ (कास्की ११) र नेपाल प्रहरी (गण्डकी प्रदेश ) बिच प्रतिष्प्रर्धा हुने भएको छ।

प्रतियोगितामा विजेतालाई ४ लाख ९९ हजार ९ सय ९९ रुपैया नगदसहित शिल्ड, मेडल र प्रमाणपत्र प्रदान गरिने भएको छ भने उपविजेतालाई ३ लाख ३३ हजार ३ सय ३३ रुपैया नगदसहित शिल्ड, मेडल र प्रमाणपत्र प्रदान गरिने भएको हो। प्रतियोगितामा व्यक्तिगत विधातर्फ उत्कृष्ट खेलाडीलाई २५ हजार, सर्वाधिक गोलकर्ता, उत्कृष्ट प्लेमेकर, उत्कृष्ट डिफेन्डर, उत्कृष्ट गोलरक्षक र उत्कृष्ट प्रशिक्षकलाई जनही १५ हजार नगदसहित ट्रफी र प्रमाणपत्र प्रदान गरिने भएको छ। प्रत्येक खेलको म्यान अफ दि म्याचलाई ५ हजार नगद र ट्रफी प्रदान गरिनेछ। साथै प्रतियोगिताको अनुशासित टोलीलाई विशेष ट्रफी र प्रमाणपत्रको व्यवस्था गरिएको छ। क्लब खेलाडी उत्पादन, प्रवर्द्धन र संरक्षणमा निरन्तर सक्रिय रहने अध्यक्ष गुरुङले प्रतिबद्धता व्यक्त गर्नुभयो। फष्ट च्वाइस फुड्स लिमिटेडका प्रमुख कृष्णप्रसाद पौडेलले उक्त प्रतियोगितालाई सफल पार्न आफुरुले सहकार्य सहित प्रमुखप्रायोजन गरेको बताउनु भयो। ३० हजार किसानले उत्पादन गरेको आलुबाट फ्रेन्सफ्राई हाल अमेरिका सम्म पठाउन सुरु गरेको बताउनु भयो। प्रतियोगिताको मुख्य प्रायोजक सुद्धोधन ४ रुपन्देहीमा रहेको फष्ट च्वाइस फुड्स लिमिटेड रहेको छ। पोखरा २९ का वडाध्यक्ष श्रीप्रसाद गुरुङले राष्ट्रिय प्रतियोगिताबाट हाल प्रदेश स्तरियमा संचालन भएको यस प्रतियोगितालाई आर्थिक जोहो र प्रायोजकहरुको उचित व्यबस्थापन गरी भविश्यामा राष्ट्रिय स्तरकै फुटवल प्रतियोगिता गर्न पहल गर्ने बताउनु भयो। प्रतियोगिता सम्पन्न गर्न करिब ६१ लाख खर्च हुने सचिव सन्तोष गुरुङले बताउनु भयो।

प्रतियोगिताले स्थानीय तथा राष्ट्रिय स्तरका खेलाडीहरूलाई प्रतिस्पर्धाको अवसर प्रदान गर्ने क्लबका संस्थापक अध्यक्ष चेतबहादुर गुरुङले बताउनु भयो। "फुटबलको माध्यमबाट अनुशासित, सक्षम र प्रतिस्पर्धी खेलाडी उत्पादन गर्नु नै हाम्रो मुख्य लक्ष्य हो," उहाँले भन्नुभयो।

प्रायोजकमा लेखनाथ उद्योग वाणिज्य संघका निवर्तमान अध्यक्ष तथा सफल व्यवसायी छत्रधर आत्रेय, सह-प्रायोजक आदर्श हार्डवेयर, उप-प्रायोजक निट डेन्टल क्लिनिक र आईवा एजुकेसन कन्सल्टेन्सी रहेका छन्। यातायात खर्च प्रायोजकका रूपमा स्थानीय यातायात प्रा.लि. पोखरा रहेको छ। क्वार्टरफाइनल तथा सेमिफाइनल खेलको टिकट दर १०० र फाइनल खेलको टिकट दर २०० तोकिएको छ।

# बाँझो जग्गामा खेती गर्नेलाई नगद अनुदान

पोखरापत्र संवाददाता
स्याङ्जा, ३ माघ

परम्परागत रुपमा अग्रजले गर्दै आएको जग्गामा उही खेती गर्न नसकेर हैरान भएको छ ? जेनतेन गरेको खेतीपनि बाँदरले हिनामिना गराउँदा निराश र उदेक लागेको छ ? छ भने अब स्याङ्जाको फेदीखोला गाउँपालिकाका कृषकले यी समस्याबाट छुटकारासँगै नगद अनुदान पाउने भएका छन्।

फेदीखोला गाउँपालिकाले बाँझो जग्गाको सदुपयोग गर्दै कृषि उत्पादन बढाउन कृषकलाई प्रोत्साहन स्वरुप अनुदान दिने भएको छ। गाउँपालिकाले प्राविधिकको सिफारिसका आधारमा बाँझो जग्गामा कफी तथा अलैंची खेती गर्ने कृषकहरूलाई प्रतिरोपनी नगद तीन हजार अनुदान दिने भएको हो। गाउँपालिकामा लामो समयदेखि बाँझो रहेको जग्गामा कफी र अलैंची खेती विस्तार गर्ने कृषकलाई प्रतिरोपनी तीन हजारका दरले नगद अनुदान दिने भएको छ। आर्थिक वर्ष २०८२/८३ को कार्यक्रम अनुसार पहिलो चरणमा झण्डै ५ सय रोपनी क्षेत्रफल जग्गमा कफी र अलैंची खेती विस्तार हुने गाउँपालिकाले अपेक्षा गरेको छ। बाँझो जमिनलाई उत्पादनसँग जोड्न, खाद्य तथा पोषण सुरक्षा कायम राख्दै कृषकको आयस्तर उकास्ने उद्देश्यले कार्यक्रम कार्यान्वयनमा ल्याएको गाउँपालिकाका अध्यक्ष घनश्याम सुवेदीले बताए। गाउँघरमा जग्गा बाँझो छोडेर बसाइँ सर्ने र विदेशिनुपर्ने बाध्यताको अन्त्य गर्न बाँझो जग्गामा नगदेबाली कार्यक्रमलाई प्रोत्साहन गरेको अध्यक्ष सुबेदीले जानकारी दिए।

स्थानीयस्तरमै रोजगारी सृजना, कृषि उद्यमशीलताको विकाससँगै कृषि उत्पादन वृद्धिमा टेवा पुऱ्याउने लक्ष्य राखिएको छ। गाउँपालिकाले तोकेको मापदण्ड र प्राविधिकको राय अनुसार खेती गर्न चाहने इच्छुक कृषक वा कृषि फर्महरूले प्रक्रिया पुरा गरेपछि गाउँपालिकाको कृषि शाखाले सिफारिस गरेअनुरुप कफी र अलैंची खेती गर्ने कृषकले प्रतिरोपनी तीन हजार नगद पाउने छन्। आर्थिक वर्ष २०८१/८२ देखि गाउँपालिकाले कोदो प्रवर्द्धन अन्तर्गत बाँझो जग्गामा कोदो रोपण गर्ने कृषकलाई प्रतिरोपनी बराबर तीन हजार अनुदान दिदै आएको छ। फेदीखोला गाउँपालिकाले रैथानी बाली, लहरे तरकारी र फलफूल प्रवर्द्धन कार्यक्रम समेत संचालन गर्दै आएको जनाएको छ।


## भावपूर्ण श्रद्धाञ्जली

जन्म
२०००/०८/०९



स्वर्गारोहण
२०८२/०९/२२

**स्व. ऋषेश्वरी पराजुली**

यस विद्यालयका पूर्व शिक्षक श्री देवी प्रसाद पराजुलीकी ममतामयी माता **ऋषेश्वरी पराजुली** को ८२ बर्षको उमेरमा असामयिक निधन भएको आज १३ औं दिनको पुण्यतिथिमा दिवंगत आत्माको चिरशान्तिको कामनाका साथ भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दै सोकसन्तप्त परिवारमा समवेदना व्यक्त गर्दछौं।

**महेन्द्र माध्यमिक विद्यालय परिवार**
नयाँबजार, पोखरा-९, कास्की